कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ४४०८२
दर्ता मिति: २०८२।०६।१२

# प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८३

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि, वन तथा पर्यावरण मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. कृषि तथा पशुपन्छी विकास मन्त्री
३. निर्णय मितिः २०८२/६/२७
४. पहिलो संशोधन निर्णय मितिः २०८३/०६/०२

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई संशोधन गर्न आवश्यक भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयले देहायका कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधिको नाम प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १२ मा संशोधन</u>: प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा १२ को उपदफा (४) को खण्ड "ङ" पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) प्राङ्गारिक मल तथा जैविक विषादी उद्योग स्थापनामा सहयोग।"

३. <u>मूल कार्यविधिको दफा १२क थप</u>: मूल कार्यविधिको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-

"१२क. <u>विश्वविद्यालयसँगको सहकार्यमा जैविक विषादी उत्पादन तथा प्रवर्द्धन कार्यक्रम</u>: (१) कृषि अध्यापन गराउने विश्वविद्यालय/मातहतका कलेज/क्याम्पस र स्थानीय तहबीच समझदारी (MoU) गरी स्थानीय स्तरमा जैविक विषादी उत्पादन तथा प्रवर्द्धन गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय स्तरमा उत्पादित जैविक विषादीको फिल्डस्तरमा कृषक समूह, कृषि सहकारीको समन्वयमा प्रवर्द्धन तथा परीक्षण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-

(क) जैविक विषादी उत्पादनका लागि आवश्यक सामाग्री खरिद र व्यवस्थापन,

(ख) जैविक विषादी उत्पादनका लागि आवश्यक जीवाणुहरु संकलन, उत्पादन र परीक्षणका लागि आवश्यक कार्य,

(ग) आवश्यक मेशिनरी तथा औजार खरिद,



नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं
सचिव

(घ) प्रशोधन तथा प्याकेजिङ्ग संरचना निर्माण तथा व्यवस्थापन,

(ङ) जैविक विषादी सम्बन्धमा तालिम तथा अभिमुखिकरण,

(च) जैविक विषादीका फाईदा, बनाउने तरिका तथा प्रयोगका सम्बन्धमा चेतनामूलक सामाग्री प्रकाशन तथा छपाई

(छ) समझदारी (MoU) बमोजिमका अन्य कार्यहरु।"

४. <u>मूल कार्यविधिको दफा १९क. थप</u>: मूल कार्यविधिको दफा १९ पछि देहायको दफा १९क. थपिएको छः-

"१९क. <u>रेशम खेती प्रवर्द्धन कार्यक्रम (क्लस्टरमा किम्बु क्षेत्रफल विस्तार)</u>: (१) उन्नत जातको किम्बु खेतीको विस्तार मार्फत व्यावसायिक रेशम कीरापालन प्रवर्द्धन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, निजी उद्यमी समेटी यस कार्यक्रमको सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) उन्नत जातको किम्बुको बेर्ना खरिद तथा वितरण,

(ख) किम्बु बेर्ना ढुवानी सहयोग,

(ग) मलखाद तथा सिंचाई व्यवस्थापन,

(घ) अभिमुखीकरण, समन्वय वैठक तथा क्षमता अभिवृद्धि तालिम,

(ङ) होर्डिङ्ग बोर्ड निर्माण।

(३) यस कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) रेशम किरा पालनको लागि न्यूनतम १५ रोपनी क्षेत्रफलको क्लस्टरमा किम्बु खेती विस्तार गरेको हुनुपर्ने, (एक क्लस्टरमा २ वटासम्म जोडिएका वार्ड/गाउँ/टोल समेट्न सकिने)

(ख) रेशम विकास केन्द्रले सिफारिस गरेको जातको किम्बु खेती विस्तारमा प्राथमिकता दिएको हुनुपर्ने।"

५. <u>मूल कार्यविधिको दफा १९ख. थप</u>: मूल कार्यविधिको दफा १९क. पछि देहायको दफा १९ख. थपिएको छः-

"१९ख. <u>च्याउ खेतीको कम्पोष्ट व्यवस्थापन कार्यक्रम</u>: (१) च्याउ खेतीबाट उत्पादन हुने स्पेन्ट कम्पोष्ट (Spent Compost) को बैज्ञानिक व्यवस्थापन तथा पुनः प्रयोग मार्फत दिगो च्याउ उत्पादन, वातावरण संरक्षण, माटोको उर्वराशक्ति अभिवृद्धि मार्फत किसानको आम्दानी वृद्धि गर्न च्याउ उत्पादन एवम् प्राङ्गारिक तथा जैविक मल उत्पादन गर्ने कार्यमा संलग्न कृषक,



सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

कृषक समूह, कृषि सहकारी, निजी उद्यमी र कम्पनी समेटी यस कार्यक्रमको सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) च्याउको Spent Compost खरिद, संकलन तथा ढुवानी,
(ख) कम्पोष्ट तयार गर्ने टहरा निर्माण,
(ग) मेशिनरी औजार उपकरण खरिद तथा जडान, (Sprayer, Rotavator, मल चाल्ने मेशिन, जाली, मल प्याकिङ गर्ने मेशिन आदि)
(घ) कम्पोष्ट बनाउन आवश्यक पदार्थ खरिद (Supplements, EM, कुखुराको सुली, तोरीको पिना, हड्डीको धुलो, सक्खर आदि)
(ङ) मल प्याकेजिङ सामग्री खरिद (बोरा, प्लाष्टिक आदि)।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको न्युनतम शर्त/मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) कम्पोष्ट तयार गर्ने टहरा निर्माणको लागि आफ्नै स्वामित्वको वा कम्तिमा ५ वर्षको लागि भाडामा लिइएको कम्तिमा ५ रोपनी जग्गा हुनुपर्ने।
(ख) च्याउको spent compost लाई कम्पोष्ट बनाउन उपयुक्त ठाउँमा बाँस वा अन्य सामग्रीबाट बनेको जस्ता पाताले छाएको कम्तिमा ४० मिटर लम्बाई र ३० मिटर चौडाइ भएको कम्पोष्ट तयार गर्ने टहरा निर्माण गरेको हुनुपर्ने।
(ग) मानव वस्तीलाई असर नपर्ने र वातावरणीय दृष्टिकोणले उपयुक्त ठाउँमा कम्पोष्टिङ गर्नुपर्ने ।
(घ) कम्तिमा ५० मे. टन च्याउको Spent Compost उत्पादन हुन सक्ने क्षमतामा व्यवस्थापन गर्नुपर्ने।"

६. <u>मूल कार्यविधिको दफा २३क. थप</u>: मूल कार्यविधिको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-

"२३क. <u>थारु आलु प्रवर्द्धन कार्यक्रमः</u> (१) लोप हुँदै गएको रैथाने थारु आलुको संरक्षण, उत्पादन प्रवर्द्धन र थारु आलु पकेट क्षेत्र निर्माण गरी व्यावसायिक उत्पादन वृद्धि मार्फत किसानको आयस्तर बढाउन थारु आलु उत्पादन गर्ने वा गर्न चाहने कृषक/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म समेटी यस कार्यक्रमको सञ्चालन गरिनेछ ।

(२) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) थारु आलुको बीउ उत्पादन वा खायन आलु उत्पादनका लागि आवश्यक पर्ने बीउ खरिद,
(ख) कृषि औजार एवम् उपकरण वितरण र साना सिंचाइ निर्माण,



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ग) उत्पादित थारु आलुको बजारीकरण प्रवर्द्धन एवम् भण्डारणमा सहयोग,

(घ) सुक्ष्म खाद्य तत्व, बाली संरक्षण तथा प्राविधिक सहयोग,

(ङ) क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछन्: -

(क) प्रति क्लस्टर न्यूनतम ३ हेक्टर (९० कठ्ठा) मा कार्यक्रम सञ्चालन गर्नुपर्ने,

(ख) कूल बजेटमध्ये तीस प्रतिशत रकम अनिवार्य रुपमा बीउ खरिदमा खर्च गर्नुपर्ने।"

७. <u>मूल कार्यविधिको दफा २७ मा संशोधन</u>: मूल कार्यविधिको दफा २७ को उपदफा (३) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) स्थानीय उत्पादनको बजारीकरण प्रवर्द्धनका लागि लेवलिङ्ग, प्याकेजिङ्ग, ब्राण्डिङ्ग लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न सकिने।"

८. <u>मूल कार्यविधिको दफा २८ मा संशोधन</u>: मूल कार्यविधिको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

"२८. <u>कोल्ड स्टोर वा कोल्डरुम वा कोल्ड च्याम्बर निर्माण तथा स्तरोन्नति कार्यक्रमः</u> (१) कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम अनुसार लागत साझेदारीमा नयाँ कोल्ड स्टोर वा कोल्ड रुम वा कोल्ड च्याम्वर निर्माण, स्तरोन्नति तथा अधुरो संरचनालाई पूर्णता दिन स्थानीय तह, कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरूलाई लक्षित वर्गको रुपमा समेटी यस कार्यक्रमको सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रम अन्तर्गत स्थानीय तहहरूमा विनियोजित बजेटको अधिनमा रही स्थायी वा पोर्टेवल संरचना सहितको कोल्ड स्टोर वा कोल्डरुम वा पोर्टेवल कोल्ड च्याम्वर निर्माण, स्तरोन्नति तथा अधुरो संरचनालाई पूर्णता दिन कोल्डरुम वा पोर्टेवल कोल्ड च्याम्वरको हकमा विस्तृत डिजाइन तथा स्पेशिफिकेशन अनुसूची -११ बमोजिम हुनुपर्ने।

तर स्थानीय तहको आवश्यकता, भौगोलिक अवस्था तथा अन्य आधार लिई परिमार्जन वा अद्यावधिक गरी स्पेशिफिकेशन तथा लागत अनुमान तयार गर्न सकिनेछ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) उपदफा (१) बमोजिमको कोल्ड स्टोर निर्माण, स्तरोन्नती तथा अधुरो संरचना निर्माण गरी सम्पन्न गर्ने कार्यक्रम सञ्चालन गर्दा विस्तृत डिजाइन तथा स्पेशिफिकेशनका लागि प्रचलित कानून बमोजिम गर्नुपर्ने।

(ग) कोल्ड स्टोर, कोल्ड च्याम्वर वा पोर्टेवल कोल्ड रुम निर्माण पूर्व स्थानीय तहले इन्जिनियर वा कृषि इन्जिनियर, कृषि प्राविधिक सहितको प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गराउनु पर्ने।

(घ) स्थिर संरचना यथासम्भव सरकारी वा सहकारी वा सामुदायिक वा सार्वजनिक जग्गामा निर्माण गर्नु पर्ने।

तर निजी जग्गामा पूर्वाधार विकास गर्नुपर्ने अवस्थामा सम्बन्धित स्थानीय तहले कम्तीमा पन्ध्र (१५) वर्ष अवधिका लागि जग्गा लिजमा लिएको हुनु पर्नेछ।

(ङ) निर्माण सम्बन्धी प्राविधिक तथा आर्थिक पक्षहरू सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनुपर्ने।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम निर्मित संरचनाको सञ्चालन सम्बन्धी निर्णय गर्न सक्नेछ।

(४) सम्बन्धित स्थानीय तहले कोल्ड स्टोर वा कोल्ड च्याम्वर वा पोर्टेवल कोल्ड रुम निर्माण, स्तरोन्नती तथा अधुरो संरचना निर्माण कार्य प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम गर्न वा सहकारी वा उपभोक्ता समिति मार्फत गराउन सक्नेछ।"

९. <u>मूल कार्यविधिको दफा ३० मा संशोधन</u>: मूल कार्यविधिको दफा ३० को,-

(१) उपदफा (१) मा रहेका "चिस्यान सुविधा सहितको" भन्ने शब्दहरु झिकिएका छन।

(२) उपदफा (३) को खण्ड (क) पछि देहायको खण्ड (क१) राखिएको छः-

"(क१) कृषिवस्तुहरु संकलन गरी बजार केन्द्रसम्म ढुवानी व्यवस्थापन।"

(३) उपदफा (३) को खण्ड (ख) मा रहेका "गाडीमा" भन्ने शब्द पछि "आवश्यकता अनुसार" भन्ने शब्दहरु राखिएका छन।

१०. <u>मूल कार्यविधिको दफा ३५ मा संशोधन</u>: मूल कार्यविधिको दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छः-

"३५. <u>मकै वा गहुँ वा खुमल श्रृङ्खला, मसिना तथा बास्नादार धान बीउ उत्पादन कार्यक्रम</u>: (१) नेपालमा हाल सञ्चालनमा रहेका अधिकांश बीउ उत्पादकहरु तराई क्षेत्रमा अवस्थित रही तराई भेगको लागि सिफारिस भएका जातहरुको बीउ उत्पादन गरिरहेकोमा मध्य तथा उच्च पहाडी भेगको लागि सिफारिस गहुँका जात तथा खुमल श्रृंखला, मसिना तथा बास्नादार धानका जातहरुको बीउको उत्पादन अत्यन्त कम मात्रामा रहेकोले पहाडी क्षेत्रमा कृषकहरुलाई गुणस्तरीय बीउमा पहुँच बढाउन पहाडी क्षेत्रहरूमा गहुँ र धानको बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न साथै विदेशी हाइब्रिडको प्रयोगले स्वदेशी जात लोप हुने खतरा बढेकोले स्वदेशमै मकै बीउको व्यवस्थापन गरी बीउ आयात कम गरि आत्मनिर्भर बन्ने दिशामा अघि बढ्न र समयमा नै गुणस्तरिय बीउ कृषकलाई



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

उपलव्ध गराउन सहयोग पुऱ्याउनका लागि मध्य पहाडी क्षेत्रहरूमा मकै बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न अपरिहार्य देखिएकोले स्थानीय तह मार्फत यो कार्यक्रम कार्यान्वयन गरिनेछ।"

(२) यस कार्यक्रमका लक्षित समूहमा कृषक समूह, कृषि सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू एवम् अन्य सरोकारवालाहरू हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलाप देहाय बमोजिम हुनेछनः-

(क) **उत्पादन सामाग्री (स्रोत बीउ, प्राङ्गारिक/जैविक/भर्मीकम्पोष्ट मल, विषादि) र प्रोत्साहन अनुदान सहयोग**: स्थानीय तहभित्र मकै/गहुँ/(खुमल श्रृङ्खला, मसिना तथा बास्नादार धान) को बीउ उत्पादनका लागि बीउ उत्पादक कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंकलाई नेपाली हाइब्रिड तथा खुला सेचित मकै तथा खुमल श्रृङ्खला, मसिना तथा बास्नादार धानको स्रोत बीउ, प्राङ्गारिक मल, सुक्ष्म खाद्यतत्व, किटनाशक विषादी, रोगनाशक विषादी, मकै सुकाउन त्रिपाल लगायतका कृषि उत्पादन सामाग्रीमा दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ। सम्भाव्यताको आधारमा नेपालमा विकास भएको हाइब्रिड बीउ उत्पादनको लागि समेत यो सुविधा उपलव्ध हुनेछ।

(ख) **पूर्वाधार निर्माण/सवलिकरण तथा यान्त्रिकरण सहयोग**: यस अन्तर्गत बीउ उत्पादक कृषक समूह, सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी आदिको बीउ उत्पादनको लागि भौतिक र प्राविधिक सहयोग उपलव्ध गराइनेछ। यसमा बीउ उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग आदि कार्यमा प्रयोग हुने मेशिनरी उपकरणमा दफा ४ बमोजिम अनुदानमा उपलव्ध गराइनेछ। सामान्यतयाः देहाय बमोजिमको सामग्री एवम् सुविधा उपलव्ध गराउन सकिनेछ।

- सम्बन्धित बाली रोप्ने, गोड्ने तथा दाना छोडाउने मेशिन
- सम्बन्धित बाली काट्ने तथा थ्रेसिङ मेशिन
- बीउ प्रशोधन कक्ष/गृह/मर्मत
- बीउ प्रशोधन मेशिन तथा थ्रेसिङ्ग फ्लोर निर्माण
- बीउ सुकाउन त्रिपाल तथा बीउ जोख्ने तराजु वा मेशिन
- बीउको चिस्यान मापन गर्ने यन्त्र
- बीउ प्याकिङ्ग गर्ने बोरा तथा बोरा सिलाउने मेशिन
- सिड ट्रिटर/ विषादी छर्ने मेशिन
- बीउ उपचारको लागि विषादी



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

- बीउ भण्डारणको लागि मेटल बीन/हर्मिटिक ब्याग
- बीउ ढुवानीमा सहयोग

(ग) **प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण**: यस अन्तर्गत मूलत बीउ उत्पादन एवम् गुणस्तर नियन्त्रण सम्वन्धमा बीउ उत्पादक कृषकको क्षमता विकासका गतिविधिहरू सञ्चालन गरिने छन्। त्यस्ता तालिमहरूमा स्रोत/उन्नत (हाइब्रिड समेत) बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, खडा बाली निरिक्षण, गुणस्तर नियन्त्रण, ट्यागिङ्ग, लेबलिङ्ग, बजारिकरण सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ। साथै प्रादेशिक बीउ विजन प्रयोगशाला, बाली विकास तथा कृषि जैविक विविधता केन्द्र र बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रसँगको सम्पर्क र समन्वयमा बीउ उत्पादक संस्थाको सदस्यलाई गुणस्तरीय बीउ उत्पादन गरि बीउ विजन कारोबारको लागि योग्य बनाउन सो सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

(घ) खडा बाली निरीक्षण र उत्पादित बीउको परीक्षणको लागि आवश्यक सेवा शुल्कमा शत प्रतिशत अनुदान दिन सकिनेछ।

(४) यस कार्यक्रमसँग सम्बन्धित अन्य विषयवस्तुहरु देहाय बमोजिम हुनेछन्-

(क) सम्बन्धित स्थानीय तहले डेसिस मार्फत यस कार्यक्रम मार्फत उत्पादन हुने बीउ कृषकलाई बिक्री बितरण गर्नको लागि खरिद वा बिक्रीमा सहजीकरण गर्नेछ।

(ख) यस बीउ उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि सम्भव भएसम्म विगत देखि नै क्रियाशिल रहेका बीउ उत्पादक समूह वा सहकारी संस्था वा सामुदायिक बीउ बैंक वा कम्पनी छनौट गर्नु पर्नेछ।

तर सम्बन्धित स्थानीय तहमा त्यस्तो बीउ उत्पादक समूह वा सहकारी संस्था वा सामुदायिक बीउ बैंक वा कम्पनीको उपस्थिति नरहेमा मात्र नयाँ स्थापना गर्न सकिनेछ।

(ग) सम्बन्धित निकायले बजेटको परिधि एवम् आवश्यकता र सम्भाव्यता लगायतको आधारमा एक वा सो भन्दा बढि बीउ स्रोत केन्द्र विकास एवम् सुदृढिकरण गर्न सकिनेछ।"

११. <u>मूल कार्यविधिको दफा ३७ मा संशोधन</u>: मूल कार्यविधिमा दफा ३७ को उपदफा (३) को खण्ड (ङ) को (उ) मा रहेका "सिकाई भ्रमण" भन्ने शब्दहरुको अगाडी "आवश्यकता अनुसार स्वदेश भित्रको" भन्ने शब्दहरु थपिएका छन् ।

१२. <u>मूल कार्यविधिको दफा ३८ मा संशोधन</u>: मूल कार्यविधिको दफा ३८ को,-

(१) उपदफा (१) मा रहेका "नतिजाको आधारमा" भन्ने शब्दहरु पछि "Soil Health Card वितरण र सो को आधारमा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-



सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

"(३) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन हुनेछन्:-

(क) लक्षित बर्ग तथा स्थानका कम्तीमा ५० जना कृषकहरुको GPS location सहितको माटोको नमूना संकलन र प्रादेशिक प्रयोगशालाहरुसँगको समन्वयमा सो नमूना परीक्षण (नमूना संकलन गर्दा Digital Soil Map (DSM) कार्यविधि बमोजिम तथा सोको नतिजा DSM System मा अनिवार्य पेश गर्नुपर्ने) गराई Soil health report card वितरण,

(ख) माटो स्वास्थ्य सुधार सम्बन्धी तालिम तथा अभिमुखिकरण,

(ग) लक्षित बर्ग तथा स्थानका कृषकहरुको माटो परीक्षण,

(घ) माटो परीक्षण नतिजाको आधारमा माटोको अम्लियपना सुधारका लागि कृषि चुन वितरणमा पचास प्रतिशतसम्म र ढुवानीमा शत प्रतिशत अनुदान,

(ङ) गोबरवाट गुँइठा नबनाई मल बनाउने तथा बाली अवशेष नजलाई माटोमै प्रयोग गर्ने सम्बन्धमा सचेतना,

(च) माटोको प्राङ्गारिक पदार्थ सुधारका लागि हरियो मलहरु (ढैंचा, एजोला, कोशेवाली आदि) को उत्पादन र प्रयोग प्रवर्द्धन गर्न प्राविधिक प्रोत्साहन स्वरुप हरियो मल बालीका बीउको मिनी किट वितरण,

(छ) गुणस्तरिय प्राङ्गारिक मल उत्पादन तथा भकारो सुधार मार्फत गुणस्तरिय कम्पोस्ट मल, गड्यौला मल तथा गोठे मल उत्पादनका लागि कृषि शाखाबाट लागत अनुमान स्वीकृत गरी बढीमा पचास प्रतिशतसम्म अनुदान दिन सकिनेछ।"

(४) उपदफा (३) को खण्ड (क) मा उल्लिखित क्रियाकलाप अनिवार्य रूपमा तथा खण्ड (ख) देखि (च) सम्मका क्रियाकलापहरू स्थानीय आवश्यकता, कृषकहरुको माग र उपलब्ध बजेटका आधारमा सञ्चालन गर्न सकिनेछ ।

१३. <u>मूल कार्यविधिको दफा ३८क. थप</u>: मूल कार्यविधिको दफा ३८ पछि दफा ३८क. थपिएको छ:-

"३८क. <u>हरियो मल प्रवर्द्धन कार्यक्रम</u> (१) माटोमा प्राङ्गारिक पदार्थको मात्रा बृद्धि गरी माटोको उर्वराशक्ति व्यवस्थापन, बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्थानीय तहमा हरियो मल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रमको लक्षित बर्ग तथा स्थान देहाय बमोजिम रहनेछन:-

(क) माटो परीक्षण नतिजाको आधारमा माटोको स्वास्थ्य सुधार गर्नुपर्ने स्थानका कृषक, कृषक समूह, सहकारी, निजी फर्म तथा कम्पनीहरु।

(ख) व्यावसायिक रुपमा खेती हुने, प्राङ्गारिक पदार्थहरुको न्युन र रासायनिक पदार्थहरुको अधिक प्रयोग हुने स्थानहरु ।

(३) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन हुनेछन्: -

(क) माटोको प्राङ्गारिक पदार्थ सुधारका लागि हरियो मलहरु (ढैंचा, एजोला, कोशेवाली इत्यादी) को उत्पादन र प्रयोग प्रवर्द्धन गर्न प्राविधिक प्रोत्साहन स्वरुप हरियो मल बालीका बीउको मिनी किट वितरण गर्न सकिनेछ ।



सचिव

नेपाल सरकार, ... तथा पर्यावरण ..., सिंहदरबार, काठ...

(ख) कृषक, कृषक समूह, सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा हरियो मल बालीको गुणस्तरीय बीउ उत्पादन तथा प्रवर्द्धन कार्यका लागि अनुदानको सीमा दफा ४ बमोजिम हुनेछ।

(ग) हरियो मल उत्पादन तथा प्रयोग प्रर्दशनी (कम्तीमा २ कठ्ठा क्षेत्रफलमा) गर्नु पर्नेछ ।

(घ) हरियो मलको प्रयोग तथा उपयोगिता सम्बन्धी तालिम वा अभिमुखिकरण वा सचेतना कार्यक्रम गर्न सकिनेछ।"

१४. <u>मूल कार्यविधिको दफा ४१ मा संशोधन</u>: मूल कार्यविधिको दफा ४१ को उपदफा (२) को खण्ड (ङ) मा रहेका "सामाग्री वितरण," भन्ने शब्दहरु पछि "एवम् सो सम्बन्धी तालिम, प्रदर्शनी जस्ता कार्यक्रम सञ्चालन," भन्ने शब्दहरु थपिएका छन् ।

१५. <u>मूल कार्यविधिमा दफा ४१क. थप</u>: मूल कार्यविधिकव दफा ४१ पछि देहायको दफा ४१क. थपिएको छः-

"४१क. <u>विषादी सचेतना एवम् विषादी न्यूनीकरण कार्यक्रम</u>: (१) कृषकले गुणस्तरहीन तथा आवश्यकता भन्दा बढी विषादी प्रयोग गर्ने गरेको सन्दर्भमा कृषकस्तरमा विषादीको समूचित प्रयोग तथा उपभोक्तामा परिरहेको विषादीको नकारात्मक असर सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) विषादीको समूचित एवम् सुरक्षित प्रयोग सम्बन्धमा कृषकहरूलाई अभिमुखीकरण,

(ख) विभिन्न सञ्चार माध्यम तथा प्रकाशन सामग्रीमार्फत विषादीको समूचित प्रयोग एवम् नकारात्मक असरका बारेमा सूचना सम्प्रेषण,

(ग) विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा तरकारी तथा फलफूलको नमूना लिई विषादीको अवशेष परीक्षण सहयोग,

(घ) प्रमुख बजार, बिक्री स्थल तथा उत्पादन थलोमा विषादीको सुरक्षित प्रयोग, विषादी प्रयोगपश्चात् पर्खनुपर्ने समय (waiting period), विषादी निर्मलीकरण, लगायतका विषयमा उत्पादक, व्यापारी र उपभोक्तालाई सचेत गराउने,

(ङ) रसायनिक विषादीको विकल्पमा जैविक, घरेलु तथा वानस्पतिक विषादीहरूको प्रयोग बढाउन कृषकस्तरमा सचेतना फैलाउन शत्रुजीव व्यवस्थापनका प्रविधिहरू हस्तान्तरणका लागि Yellow Sticky Trap, Lures, नीममा आधारित विषादी लगायतका सामग्री वितरण र प्रयोग,

(च) जैविक विषादी बनाउने तथा प्रयोग बढाउने सम्बन्धी सचेतना तथा तालिम कार्यक्रममा सहयोग।"



सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

१६. <u>मूल कार्यविधिको दफा ४१ख. थप</u>: मूल कार्यविधिको दफा ४१क. पछि देहायको दफा ४१ख. थपिएको छ:-

"४१ख. <u>विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाई स्थापना:</u> (१) तरकारी तथा फलफूलमा रहेको विषादी अवशेषको द्रुत परीक्षण गरी मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्ने, कृषकलाई खेतबारीमै विषादी अवशेष परीक्षण सेवा उपलब्ध गराउने तथा परीक्षणको नतिजाका आधारमा सुरक्षित रूपमा भण्डारण तथा बजारमा बिक्रीवितरण गर्न प्रोत्साहन गर्ने यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ: -

(क) विषादी परीक्षणका लागि आवश्यक उपकरणहरु जस्तै Spectrophotometer, waterbath, fumehood लगायतका सामाग्री खरिद,

(ख) विषादी परीक्षण गर्ने आवश्यक रसायन, glass wares, test kit तथा अन्य सामग्री खरिद,

(ग) तरकारी तथा फलफूलको विषादी अवशेषको नियमित नमूना कृषकको खेतबारी, संकलन केन्द्र तथा बजारबाट संकलन तथा द्रुत परीक्षण,

(घ) प्रयोगशालाको गुणस्तर सुनिश्चित गर्न उपकरणहरूको मर्मत सम्भार,

(ङ) विषादी अवशेष परीक्षण सम्बन्धी तालिम, अभिमुखीकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन।"

१७. <u>मूल कार्यविधिमा दफा ४२क. थप</u>: मूल कार्यविधिको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छ:-

"४२क. <u>कृषि क्याम्पसको सहयोगमा कृषि कार्यक्रम सञ्चालन:</u> कृषि क्याम्पस र सम्बन्धित स्थानीय तहबीच कृषि कार्यक्रम सञ्चालनका लागि समझदारी पत्र (MoU) गरी सोको अधिनमा रही प्रचलित कानून बमोजिम कृषि सम्बन्धी ज्ञान, शीप र प्रविधि हस्तान्तरण, समस्या समाधान र सोसँग सम्बन्धित सहयोगी क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।"

१८. <u>मूल कार्यविधिमा दफा ४३क. थप</u>: मूल कार्यविधिको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छ:-

"४३क. <u>एकीकृत कृषि जीविकोपार्जन कार्यक्रम:</u> (१) कृषकहरूको आय वृद्धि, खाद्य तथा पोषण सुरक्षा सुदृढीकरण र दिगो कृषि प्रणाली विकास गर्नु र कृषकलाई आधुनिक प्रविधि, सीप तथा बजार पहुँचसँग जोड्दै आत्मनिर्भरता अभिवृद्धि गर्नु यो कार्यक्रम सञ्चालनको उद्देश्य रहनेछ। यस कार्यक्रममार्फत बाली, पशुपालन तथा अन्य पूरक व्यवसायहरूलाई एकीकृत गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोग, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र बजारमुखी कृषि प्रणाली विकास गर्ने लक्ष्य राखिएको छ।



सचिव

(२) उपदफा (१) बमोजिमको कार्यक्रम मुख्यतयाः साना कृषक, विपन्न, महिला, दलित, मुक्त कमैया, कमलहरी र सीमान्तकृत वर्गका कृषक समूह/कृषि सहकारी मार्फत सञ्चालन गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) क्षेत्र विशेषअनुसार बाली तथा पशुपालन एकीकृत प्रणाली (Crop + Livestock Integration) लागू गर्ने,

(ख) उन्नत तथा स्थानीय अनुकूल बीउ, बेर्ना, उन्नत पशुवस्तु, मल तथा कृषि सामग्री वितरण, साना सिँचाइ, टनेल र साना कृषि औजार तथा उपकरणमा सहयोग गर्ने,

(ग) बाली (तरकारी/फलफूल/मसला/पुष्पजन्य/च्याउ आदि) तथा पशुपालन (बाख्रा/कुखुरा/खरायो/ परेवा/ हाँस/बंगुर/सुंगुर आदि) उत्पादन, जीविकोपार्जन तथा पोषण सुधार गर्ने,

(घ) माछापालन (करेसा पोखरी), मौरीपालन, जैविक मल उत्पादन (गड्यौले मल/झोल मल) तथा अन्य पूरक आयमूलक गतिविधि विस्तार गर्ने,

(ङ) कृषकलाई तालिम तथा सीप विकास सेवा उपलब्ध गराउने,

(च) उत्पादनको बजार पहुँच बढाउन बजारिकरणमा सहयोग तथा सरोकारवाला निकायसँग समन्वय गर्ने,

(छ) जलवायु अनुकूलन तथा जैविक खेती प्रविधि प्रवर्द्धन गर्ने।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम प्रति घरधुरी नयूनतम १.५ कठ्ठा (१ रोपनी) मा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।"

१९. मूल कार्यविधिको अनुसूची -६ (ग) मा संशोधनः मूल कार्यविधिको अनुसूची -६ (ग) को तालिकाको क्र.सं. २ को स्पेशिफिकेशनको सट्टा देहायको स्पेशिफिकेशन राखिएको छः-

"भकारोको आकार ७ फिट X १५ फिट, भकारोबाट ४ इन्ची पाइपको माध्यमबाट पक्की ढकनी समेत भएको, १ फिट लम्वाइ, १ फिट चौडाइ र १.५ फिट गहिराइ गहुत संकलन मंगाल वा टयाँक, मंगालको टपमा पाइप जडान गरि आवश्यकता अनुसारको विभिन्न साइजका पशु मुत्र संकलन ड्रमहरु, मलखादलाई घाम पानीबाट जोगाउन २५०GSM यू भी प्लाष्टिक वा जस्ताको छानो र मलखाद गलाउने जीवहरुको समिश्रण भएको इ.एम. वा डिकम्पोजरको अनिवार्य प्रयोग। गोबरलाई आँखिझ्याले च्याम्बर बनाइ राख्ने व्यवस्था गर्न उपयुक्त हुने र उक्त आँखिझ्याले च्याम्बरको आकार सामान्यतया १० फिट*७ फिट*४ फिट साईजको बनाउन सकिने।"

२०. मूल कार्यविधिको अनुसूची -६ (छ) मा संशोधनः मूल कार्यविधिको अनुसूची - (छ) को तालिकाको क्र.सं. २ को स्पेशिफिकेशनमा देहायको परिमार्जन गरिएको छ।



सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

"भकारोको आकार ७ फिट X १५ फिट, भकारोबाट ४ इन्ची पाइपको माध्यमबाट पक्की ढकनी समेत भएको १ फिट लम्वाइ, १ फिट चौडाइ र १.५ फिट गहिराइ गहुत संकलन मंगाल वा ट्याँक, मंगालको टपमा पाइप जडान गरि आवश्यकता अनुसारको विभिन्न साइजका पशु मुत्र संकलन ड्रमहरु, मलखादलाई घाम पानीवाट जोगाउन २५० GSM यू भी प्लाष्टिक वा जस्ताको छानो र मलखाद गलाउने जीवहरुको समिश्रण भएको इ.एम. वा डिकम्पोजरको अनिवार्य प्रयोग। गोबरलाई आँखिझ्याले च्याम्बर बनाइ राख्ने व्यवस्था गर्न उपयुक्त हुने र उक्त आँखिझ्याले च्याम्बरको आकार सामान्यतया १० फिट * ७ फिट * ४ फिट साईजको बनाउन सकिने"।

२१. <u>मूल कार्यविधिको अनुसूची -७, ८, ९, १० र ११ को शिर्षकमा संशोधन</u>: मूल कार्यविधिको अनुसूची,-

(१) अनुसूची -७ को शिर्षकमा (दफा १६ को उपदफा (४) को खण्ड "ट" र दफा १७ को उपदफा (४) को खण्ड "च" सँग सम्बन्धित) भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची -८ को शिर्षकमा (दफा १६ को उपदफा (४) को खण्ड "ट" र दफा १७ को उपदफा (४) को खण्ड "च" सँग सम्बन्धित) भन्ने शब्दहरु रखिएका छन् ।

(३) अनुसूची -९ को शिर्षकमा (दफा १५ को उपदफा (४) खण्ड (छ), दफा १६ को उपदफा (४) खण्ड (ट) र दफा १७ को उपदफा (४) खण्ड (च) सँग सम्बन्धित) भन्ने शब्दहरु राखिएका छन्।

(४) अनुसूची -१० को शिर्षकमा (दफा २४ को उपदफा (४) को खण्ड "ख" सँग सम्बन्धित) भन्ने शब्दहरु राखिएका छन् ।

(५) अनुसूची -११ को शिर्षकमा (दफा २८ को उपदफा (२) को खण्ड "क" सँग सम्बन्धित) भन्ने शब्दहरु राखिएका छन् ।

२२. <u>रुपान्तर</u>: मूल कार्यविधिको ठाउँ ठाउँमा रहेका "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टामा "कृषि, वन तथा पर्यावरण मन्त्रालय" राखि रुपान्तर गरिएको छ।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं